मादी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०७५।०३।०६

# भाग-१

मादी नगरपालिकाद्धारा प्रकाशित

# मादी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक  कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी नगरपालिकाको  सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त  नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम मादी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने)  ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन  मादी  नगरपालिका क्षेत्र भित्र तुरुन्त  लागू हुनेछ ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले मादी  नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्नेऐन,२०७५ सम्झनुपर्छ ।

(ख) “कार्यपालिका” भन्नाले मादी  नगरकार्यपालिका सम्झनु पर्छ

(ग) “नगरपालिका” भन्नाले मादी  नगरपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम  बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम मादी नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी

निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मादी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मादी नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले,
आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत